# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०४।२८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला इलाम, माई नगरपालिका वडा नं. १ र ३ स्थित पशुपति सामुदायिक वनको आम्दानी हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **पशुपति सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष कुमार बहादुर बराईलीले** प्रक्रिया नपुर्‍याई लागत इस्टिमेट, प्राविधिक बिल भरपाई नराखी समुहको निर्णय विना आफू अनुकूल कागजात तयार गरी मिलेमतोमा गरिबी निवारण शीर्षकका लागि विनियोजित रकमलाई कार्यक्रम नभएको पुल निर्माणमा खर्च भएको भनी रु.४,००,०००।- र आफू अनुकूल किर्ते कागजातसमेत तयार गरी स्टेशनरी सामाग्री, बोटविरुवा खरिद तथा वितरण, संयुक्त अनुगमन तथा झाडी सरसफाई, बैठक भत्ता तथा गरिबी निवारणका लागि विनियोजित रकमलाई कार्यक्रम नभएको ऐलानी जग्गा खरिद गरी पशुपति सामुदायिक वन उपभोक्ता समुहको रु.११,०५,९३०।— समेत गरी कुल रु.१५,०५,९३०।—भुक्तानीको लागि झुट्टा बिल भरपाई पेश गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम झुट्टा बिल भरपाई बनाई भुक्तानी दिने कसुर गरेको देखिन आएकोले निज कुमार बहादुर बराईलीलाई रु.१५,०५,९३०।- (पन्ध्र लाख पाँच हजार नौ सय तीस रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ।

**पशुपति सामुदायिक वन उपभोक्ता समुहका तत्कालीन सल्लाहकार समुह संयोजक अर्जुन कुमार थापा र सोही समुहका तत्कालीन कोषाध्यक्ष राम कुमारी खत्रीले** लागत इस्टिमेट, प्राविधिक बिल भरपाई नराखी समुहको निर्णय विना आफू अनुकूल कागजात तयार गरी मिलेमतोमा गरिबी निवारण शीर्षकका लागि विनियोजित रकमलाई कार्यक्रम नभएको पुल निर्माणमा खर्च भएको भनी रु.४,००,०००।- भुक्तानीको लागि झुट्टा बिल भरपाई पेश गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम झुट्टा बिल भरपाई बनाई भुक्तानी दिने कसुर गरेको देखिन आएकोले निजहरु अर्जुन कुमार थापा र राम कुमारी खत्रीलाई रु.४,००,०००।—(चार लाख रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुन मागदाबी लिइएको छ।

**पशुपति सामुदायिक वन उपभोक्ता समुहका उपभोक्ता एवं चिलाउने गौडा हिले खोला क्रसिङ्ग फुटपात पुलका अध्यक्ष दिल बहादुर मगर र सोही समुहका उपभोक्ता एवं पुलका कोषाध्यक्ष रस्मिला बराईलीले** लागत इस्टिमेट, प्राविधिक बिल भरपाई नराखी समुहको निर्णय विना आफू अनुकूल कागजात तयार गरी मिलेमतोमा गरिबी निवारण शीर्षकका लागि विनियोजित रकमलाई कार्यक्रम नभएको पुल निर्माणमा खर्च भएको भनी भरपाई गरी झुट्टा बिल बनाई रु.४,००,०००।- भुक्तानी लिनको लागि पेश गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) को कसुरमा झुट्टा बिल भरपाई बनाई भुक्तानी लिई ऐ.ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको मतियारको कसूर गरेको देखिन आएकोले

निजहरु दिल बहादुर मगर र रस्मिला बराईलीलाई रु.४,००,०००।—(चार लाख रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो असुल उपर हुने मुल कसुरदार सरह ऐ. ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको छ।

**दर्तावाला लेखापरीक्षक चन्द्र बहादुर बस्नेत**ले पशुपति सामुदायिक वन उपभोक्ता समुहसँग मिलेमतो गरी नभएका कुरा देखाई लेखापरीक्षण प्रतिवेदन पेश गरेको पुष्टि हुन आएकोले लेखापरीक्षक चन्द्र बहादुर बस्नेतले वन उपभोक्ता समुहसँग मिलेमतो गरी खर्च नभएको शीर्षकमा खर्च भएको भनी गलत लेखापरीक्षण गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिम कसुर गरेको समेत देखिन आएकोले सोही ऐनको दफा १९ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ।

साथै, **पशुपति सामुदायिक वन उपभोक्ता समुहका तत्कालीन सचिव राम बहादुर मगर र सोही समुहका तत्कालीन कोषाध्यक्ष चन्द्र कला श्रेष्ठले** आफू अनुकुल किर्ते कागजातसमेत तयार गरी मिलेमतोमा स्टेशनरी सामाग्री, बोटविरुवा खरिद तथा वितरण, संयुक्त अनुगमन तथा झाडी सरसफाई, बैठक भत्ता तथा गरिबी निवारणका लागि विनियोजित रकमलाई कार्यक्रम नभएको ऐलानी जग्गा खरिद गरी पशुपति सामुदायिक वन उपभोक्ता समुहको रु.११,०५,९३०।- भुक्तानीको लागि झुट्टा बिल भरपाई  पेश गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम झुट्टा बिल भरपाई बनाई भुक्तानी दिने कसुर गरेको देखिन आएकोले निजहरु राम बहादुर मगर  र चन्द्रकला श्रेष्ठलाई रु.११,०५,९३०।- (एघार लाख पाँच हजार नौ सय तीस रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल